# भगवानपुर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
भगवानपुर, सिरहा
प्रदेश नं.२ नेपाल

फोन नः- ९८५२८३४९२४

पत्र सङ्ख्याः २०७७।०७८
चलानी नं.

मिति :- २०७७।०५।१५

# सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा यस भगवानपुर गाउँपालिका अन्तर्गत वडा नं. १ देखि ५ सम्म आ.ब. २०७७।०७८ मा मिति २०७६।१२।०१ देखि सामाजिक सुरक्षा नियमावली २०७६ लागु भएकोले सामाजिक सुरक्षा तथा बालपोषण भत्ता पाउनको लागि देहाय बमोजिमको व्यक्तिहरुले निवेदन पेश गर्न हुन सम्पूर्ण सरोकारबालाहरुलाई जानकारी गराईन्छ ।

**तपसिल**

१. **अन्य जे.ना.को हकमा :-** ७० बर्ष पूरा गरेको महिनामा निवेदन पेश गरेमा निजले अर्को महिना देखि सा.सु. भत्ता पाउने छ ।

२. **दलित जे.ना.को हकमा :-** ६० बर्ष पूरा गरेको महिनामा निवेदन पेश गरेमा निजले अर्को महिना देखि सा.सु. भत्ता पाउने छ ।

३. **आपाङ्गताको हकमा :-** (क) र (ख) बर्गाको आपाङ्गता परिचय पत्र प्राप्त गरको महिनामा निवेदन पेश गरेमा निजले अर्को महिना देखि भत्ता पाउने छ ।

४. **बालपोषणको हकमा :-** वडा कार्यालयबाट जन्म दर्ता गरेको महिनामा निवेदन पेश गरेमा निजले अर्को महिना देखि भत्ता पाउने छ ।

...........................

# भगवानपुर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
भगवानपुर, सिरहा
प्रदेश नं.२ नेपाल

फोन नः- ९८५२८३४९२४


पत्र सङ्ख्या: २०७७।०७८
चलानी नं.

मिति :- २०७७।०५।१५

विषय :- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली प्रकाशन गरिएको सूचना ।

यस कार्यालयबाट प्रकाशित सूचना बमोजिम आ.ब. २०७५/०७६ र २०७६/०७७ मा पर्न आएको निवेदन र खाईपाई आईरहेको आधारमा जेष्ठ नागरिक भत्ता (दलित), जेष्ठ नागरिक भत्ता (७० बर्ष माथि), जेष्ठ नागरिक एकल महिला, वधिवा (आर्थिक सहायता), "क" वर्ग (पूर्ण आपाङ्ग), "ख" वर्ग आर्थिक सहायता (आंशिक आपाङ्ग) भएका व्यक्तिहरुको आ.ब. २०७७/०७८ को नामावली यसैसाथ प्रकाशित गरिएको छ। उक्त नामावलीमा कसैको नाम हटाउनु पर्ने भएमा, संशोधन गर्नु पर्ने भएमा यस कार्यालयमा जानकारी गराई दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

..........................


email: bhagwanpurgaupalika@gmail.com
web:bhagwanpurmun.gov.np